आज मिति २०७८ साल वैशाख २९ गते दिनको १:०० बजे प्रमुख श्री धीरज शर्मा बस्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिती तथा भएका निर्णयहरु यस प्रकार छ ।

**उपस्थिति**

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री: धीरज शर्मा बस्याल प्रमुख | प्रमुख |
| २. | | श्री: मायादेवी पौडेल उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री: मोतिलाल सुनार वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ४. | | श्री: दया दर्लामी वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ५. | | श्री रुद्र प्रसाद न्यौपाने वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ६. | | श्री: रविन्द्रविक्रम हमाल वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ७. | | श्री: रेश्मीराज भट्टराई वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| ८. | | श्री: रोहीत थारु वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ९. | | श्री: ध्रुव थारु वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १०. | | श्री: कविराज आचार्य वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| ११. | | श्री: चन्द्रकान्त चापागाई वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १२. | | श्री: राजु मिश्र वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १३. | | श्री: तीर्थराज फौज्दार वडाध्यक्ष, वडा नं. ११ | सदस्य |
| १४. | | श्री: मानबहादुर मल्ल वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १५. | | श्री: नर बहादुर चौधरी वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १६. | | श्री: केशवबहादुर खत्री क्षेत्री वडाध्यक्ष, वडा नं. १४ | सदस्य |

| | | | |
|---|---|---|---|
| १७. | | श्री: बलबहादुर बलाल वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १८. | | श्री: सुक बहादुर गुरुंग वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| १९. | | श्री: ईशा सुनार | सदस्य |
| २०. | | श्री: अम्बिका देवी उपाध्याय | सदस्य |
| २१. | | श्री कविता रायमाझी | सदस्य |
| २२. | | श्री: बुद्धिमाया सुनार | सदस्य |
| २३. | | श्री: प्रतिमाकुमारी चौधरी | सदस्य |
| २४. | | श्री: वेचन प्रसाद ठाकुर (हजाम) | सदस्य |
| २५. | | श्री: लल्लन प्रसादविन | सदस्य |
| २६. | | श्री: लुकुडी चमार | सदस्य |
| २७. | | श्री: मेघ नाथ पाध्या प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| | | व्यवस्थापन टोली | |
| २९. | | श्री इन्द्र वहादुर कुँवर | उपसचिव (प्रा) |
| ३०. | | श्री पुष्कर काफ्ले | कार्यक्रम अधिकृत |
| ३१. | | श्री विष्णु लाल पुरी | लेखा अधिकृत |
| ३२. | | श्री माधव ज्ञवाली | स्वास्थ्य शाखा प्रमुख |

३३. गोपाल चौधरी प्र.प्र.अ.

प्रस्तावहरूः

(१) कोभिड व्यवस्थापन सम्बन्धमा

(२) प्रदेश समपुरक तर्फको योजना छनौट सम्बन्धमा

(३) आधारभूत तह कक्षा ८ को परिक्षा समिति गठन सम्बन्धमा

(४) आगामी आ.व. ०७८/७९ को बजेट तथा कार्यक्रम तयारी सम्बन्धमा

(५) बर्दघाट नगरपालिकाको वाल क्लव/बाल सञ्जाल गठन तथा कार्य सञ्चालन कार्यविधि, २०७८

(६) बर्दघाट नगरपालिकाको राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयम सेविका परिचालन सम्बन्धी कार्यविधी, २०७८

(७) विविध

(क) प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यक्रम संसोधन सम्वन्धमा

(ख) योजनाको म्याद थप सम्बन्धमा

निर्णय नं १ः

यस नगर क्षेत्रमा कोभिड–१९ को संक्रमणको दर दिन प्रतिदिन वढीरहेको र संक्रमणका कारण मृत्यूदर समेत वढ्न गएको सन्दर्भमा बर्दघाट नगरपालिकाको नगर स्तरिय विपद व्यवस्थापन समितिको मिति ०७७/१/२९ निर्णय समेतका आधारमा तत्काल देहायबमोजिमका क्रियाकलापहरू सम्पन्न गर्ने निर्णय गरियो ।

तपसिलः

(क) नयाँ भेरियन्ट सहितको कोभिडको दोश्रो लहरको व्यवस्थापन गर्ने सन्दर्भमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, विश्व स्वास्थ्य संगठन, बर्दघाट नगरपालिका तथा सम्बन्धित सरकारी निकायहरूबाट जारी भएका निर्देशन एवं अनिवार्य मास्कको प्रयोग गर्ने, भौतिक/सामाजिक दुरी कायम गर्ने, नियमित हात धुने लगायतका जनस्वास्थ्यका मापदण्ड कायम गर्न सूसुचित गर्ने,

(ख) भारत तथा अन्य जिल्लाबाट आएका नागरिकलाई अनिवार्य क्वारेन्टीनमा राख्न लगाउने, संक्रमितहरूलाई होम आइसोलेशनमा आइसोलेटेड भएर वस्न लगाउने, संकास्पद विरामीहरूलााई परिक्षणको लागि तथा संक्रमितहरूलाई नजिकको अस्पतालमा उपचारको लागि निःशुल्क एम्वुलेन्स सुविधा उपलब्ध गराउने र श्वासप्रश्वासमा समस्या भएका विरामीहरूलाई नगरपालिकाको आइसोलेशनमा भर्ना गर्ने प्रवन्ध मिलाउने, बर्दघाट उद्योग वाणिज्य संघको अगुवाईमा स्थानीय प्रहरी तथा नगर प्रहरी समेतले समन्वय गरी आइसोलेशनमा अक्सिजनको नियमित आपूर्ति व्यवस्था मिलाउन आवश्यक कार्य गर्ने ,

(ग) जटिल प्रकृतिको लक्षण देखिए तत्काल अन्य जिल्लाका स्वास्थ्य संस्थामा जान सिफारिस गर्ने र उक्त आइसोलेशन लाई प्रभावकारी रूपमा सञ्चालन गर्ने सन्दर्भमा नगरको दैवि प्रकोप उद्दार कोषमा सवै जननिर्वाचित पदाधिकारीहरूको १५ दिनको सेवा सुविधा जम्मा गर्ने, नगरपालिकाका सवै कर्मचारीहरूलाई र नगर स्थित उद्योगी व्यापारी तथा अन्य समाजसेवी महानुभावहरू तथा वडामा भएका व्यापारी, उद्योगी, संघ, संस्था, सहकारी हरू समेत लाई उक्त कोषमा योगदान गर्न अनुरोध गर्ने

(घ) कोभिडको लक्षण देखिएका विरामीको चेक जाँचमा संवेदनशिल हुन र अनावस्यक औषधी लिन सिफारिस गर्ने स्थानीय फार्मेशी सञ्चालकहरूलाई त्यस्ता क्रियाकलाप रोक्न पत्राचार गर्ने

(ङ) विवाह, वर्थडे, पुजा, इद पर्व लगायतका अवसरमा हुने जमघटलाई पूर्ण रूपमा निशेध गर्ने, कोभिड संक्रमितको मनोवल उच्च पार्न स्थानीय जनप्रतिनीधि र स्वास्थ्य कर्मीको संयूक्त टोलीबाट घर दैलो अभियान सञ्चालन गर्ने,

निर्णय नं २ः

लुम्बिनी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय च.नं १२६४, मिति ०७८।१।१५ को समपुरक अनुदानका आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने सम्वन्धी पत्र तथा समपुरक अनुदान व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ (प्रथम संसोधन सहित) बमोजिम आयोजना प्रस्ताव गर्नुपर्ने भएको हुँदा यस नगरपालिकाको लागि गत आ.व. देखी सञ्चालनमा रहेका तपसिलमा उल्लेखित योजनाहरूको बाँकी कार्यका लागि समपुरक अनुदान माग गर्ने निर्णय गरियो ।

तपसिलः

| सि.नं | योजनाको नाम र सञ्चालन स्थल | अनुमानित लागत | कैफियत |
|---|---|---|---|
| १ | पाल्डाडा हेल्थपोष्ट देखी रेवती गोमाता स्कूल हुंदै कञ्चनगढी , वडा नं ५ | ५०,००,०००।०० | |
| २ | वडा नं ७ पानी टँकी देखी दक्षिणबाट वडा नं १ को स्वास्थ्य चौकी सम्मको सडक स्तरोन्नती तथा लगुनाहा भटौलिया सडक स्तरोन्नती | ७०,००,०००।०० | |
| ३ | सरावल सिमा सडक स्तरोन्नती, वडा नं ९ र जमुनिया चोक देखी सफैया जाने सडक स्तरोन्नती वडा नं १२ | ५०,००,०००।०० | |

| | | | |
|---|---|---|---|
| ४ | गैडहवा भगजोनी भानुनगर सूर्यपुरा सडक ११ र ८ | ५०,००,०००।०० | |
| ५ | सिमा सडक देखी लोकाहा टोल हुँदै वरूवा सडक स्तरिकरण एवं  वरूवा सडक देखी बनदेवी मन्दिर हुँदै जाने सडक स्तरिकरण ,वडा नं १५ र १६ | ८०,००,०००।०० | |
| ६ | चिसापानी शिवालय पराजुली चोक हुँदै वुटाहाताल गौडाहा सडक, | ५०,००,०००।०० | |
| ७ | पेखरीटोल प्रतापपुर र बर्दघाटको सिमा सडक वडा नं १३ | ५०,००,०००।०० | |

निर्णय नं ३ :

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं ३९३, मिति ०७६।१२।९ को पत्रसाथ प्राप्त आधारभूत तह कक्षा ८ को परिक्षा सञ्चालन तथा प्रमाणिकरण सम्बन्धी मापदण्ड २०७६ को परिच्छेद २ को दफा ३ मा स्थानीय तहबाट सञ्चालन हुने परीक्षालाई मर्यादित र विश्वसनिय बनाउन स्थानीय तहको कार्यपालिकाले तोकेबमोजिम प्रमुख प्रशासकिय अधिकृत वा शिक्षा हेर्ने प्रमुखको संयोजकत्वमा आधारभूत तह सञ्चालन भएका विद्यालयका प्रधानाध्यापक तथा शिक्षा हेर्ने कर्मचारी र आवश्यकताअनुसार पाठ्यक्रम तथा परिक्षा विज्ञ लगायतको समावेशी प्रतिनीधित्व हुने गरी प्रत्येक स्थानीय तहमा एक परीक्षा समिति रहने व्यवस्था अनुसार तपसिलका पदाधिकारीहरू रहने गरी परिक्षा समिति तोक्ने सम्बन्धमा मिति ०७८।१।९ को नगर शिक्षा समितिको सिफारिस अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिलः

(क) शिक्षा, यूवा तथा खेलकुद शाखा प्रमुख श्री इन्द्र वहादुर कुँवर –संयोजक

(ख) आधारभूत तह सञ्चालन भएका सामुदायिक विद्यालयका प्र.अ.हरूबाट श्री अर्जुन प्रसाद पौडेल, नवजीवन मा.वि. –सदस्य

(ग) संस्थागत विद्यालयको तर्फबाट प्रिन्सीपल, माउण्ट एभरेष्ट वोर्डिङ्स्कुल श्री सञ्जय ढुँगाना, – सदस्य

(घ) सामुदायिक विद्यालयका आधारभूत तह ६–८ मा अध्यापन गर्ने विषय शिक्षकहरूबाट शिक्षक प्रतिनीधि दाउन्नेदेवी मा.वि श्री पुजा गहतराज– सदस्य

ङ) सामुदायिक विद्यालयका आधारभूत तह ६–८ मा अध्यापन गर्ने विषय शिक्षकहरूबाट शिक्षक प्रतिनीधि सरस्वती मा.वि श्री रामू चौधरी  सदस्य

(च) शिक्षा, यूवा तथा खेलकुद शाखा, प्रा.स श्री धनपति पौडेल –सदस्य

(छ) शिक्षा, यूवा तथा खेलकुद शाखा शिक्षा अधिकृत श्री गोविन्द शर्मा– सदस्य सचिव

निर्णय नं ४ः

आगामी आर्थिक ०७८/७९ को वार्षिक योजना तथा बजेट योजना तर्जुमा प्रक्रिया शुरूवात गर्ने सम्वन्धमा स्वास्थ्य सुरक्षाका सवै मापदण्ड पालना गरी देहायबमोजिमको कार्यसूचि बमोजिम योजना तर्जुमा प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

प्रस्तावित कार्यसूची

| क्र.स. | योजना तथा कार्यक्रम | समयावधि | कैफियत |
|---|---|---|---|
| १ | राजश्वको दर, दायरा सम्बन्धमा वजार विकास समिति, उद्योग वाणिज्य संघ, लगायतका सरोकारवालाहरू संगको समन्वयात्मक वैठक | जेष्ठ २ गते | |

| | | | |
|---|---|---|---|
| ३ | राजश्व परामर्श समितिको वैठक | जेष्ठ ३ गते | |
| ४ | राजनीतिक दल संगको बजेट तयारी सम्बन्धी छलफल | जेष्ठ ५ गते | |
| ५ | श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको वैठक | जेष्ठ ८ गते | |
| ६ | विषयगत समितिको वैठक | जेष्ठ १० गते | |
| ७ | कार्यपालिका वैठक | जेष्ठ १३ गते | |
| ८ | आगामी वर्षको श्रोत अनुमान तयार गरी विषयगत शाखा र वडा कार्यालयलाई बजेट सिलिङ्ग प्रदान गर्ने | जेष्ठ १४ गते भित्र | |
| ९ | वडा कार्यालय र विषयगत शाखा बाट कार्यक्रम तजुमा गरी वजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने | जेष्ठ २० गते सम्म | |
| १० | योजना तथा कार्यक्रमहरूलाई विषयगत समितिमा छलफल गरी पारित गर्ने | जेष्ठ २५ सम्म | |
| ११ | योजना तथा कार्यक्रमहरू बजेट तथा कार्यक्रम तर्जुमा समितिमा छलफल तथा पारित गरी कार्यपालिका समक्ष पेश गर्ने | जेष्ठ ३० गते सम्म | |
| १२ | कार्यपालिकाले आवश्यक छलफल गरी नगरसभा समक्ष पेश गर्ने | आषाढ ५ गते सम्म | |
| १३ | नगर सभा | आषाढ १० गते सम्म | |

निर्णय नं ५ः

बर्दघाट नगरपालिकाको वाल क्लव/बाल सञ्जाल गठन तथा कार्य सञ्चालन कार्यविधि, २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ६ः

बर्दघाट नगरपालिकाको राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयम सेविका परिचालन सम्बन्धी कार्यविधी , २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ७ः

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत चालु आ.व. ०७७।७८ को लागि प्रस्तावित गरिएका कार्यक्रमहरू मध्ये तपसिल बमोजिमका आयोजनाहरू संसोधन गरी कार्यान्वयन गर्न सम्बन्धित वडा समितिहरूबाट सिफारिस प्राप्त भएकोले देहायअनुसार कार्यक्रम संसोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.स. | स्वीकृत योजना र योजना स्थल | हाल संसोधित योजना र योजना स्थल |
|---|---|---|
| १ | त्रिवेणी रोडबाट पूर्व तर्फ सिमसार क्षेत्र निर्माण आयोजना वडा नं ४ | पार्क सरसफाई तथा व्यवस्थापन लगायत सडक सरसफाई गर्ने आयोजना, वडा नं ४ |
| २ | पुरानो गाँउको नाला निर्माण आयोजना वडा नं ७ | पुरानो गाँउको दुवै तर्फ पक्की नाला निर्माण आयोजना वडा नं ७ |
| ३ | हिरौटेघोला र भूताहा खोला सम्मको विचको भागमा बाटो मर्मत सम्हार गर्ने वडा नं १० | कैलासेश्वर महादेव धाम (नाग प्रकट स्थल) को मन्दिर र पार्क निर्माण कार्यक्रम अमरदिप टोल, वडा नं १० |

नि.नं ८ः कोभिड १९ को दोश्रो लहरको कारण जारी निशेधाज्ञाको कारण ठेक्का प्रक्रिया तथा उपभोक्ता समिति मार्फत सञ्चालन भएका र यस विचमा म्याद सकिने सवै योजनाहरूको कार्य सम्पन्न गर्ने अवधि २०७८ जेष्ठ मसान्त सम्मको लागि थप गर्ने निर्णय गरियो

नि.नं ९: विपद व्यवस्थापन कोषमा जम्मा हुने जननिर्वाचित पदाधिकारीहरूको १५ दिनको सेवा सुविधा , नगरपालिकाका सबै कर्मचारीहरूलाई र नगर स्थित उद्योगी व्यापारी तथा अन्य समाजसेवी महानुभावहरू तथा वडामा भएका व्यापारी, उद्योगी, संघ, संस्था, सहकारी हरू बाट प्राप्त हुने सहयोग समेत कोभिड व्यवस्थापन कोषको रूपमा जम्मा गरी कोभिड व्यवस्थापनका विविध क्रियाकलापमा खर्च गर्ने निर्णय गरियो ।

नि.नं १०: खरको छाना विस्थापन कार्यक्रम अन्तरगत जस्ता पाता खरिद भैसकेकोले उक्त मौज्जात रहेको जस्ता पाता वडा नं १४, १५ र १६ का खरका छाना यूक्त २७/२७ घरधुरीहरूलाई निजहरूले पेश गरेको निवेदन मागको आधारमा दामासाहीले वितरण गरी बाँकी रहने मौज्दात आकस्मीक रूपमा हुने आगलागी लगायतका विपद् प्रभावित व्यक्ति तथा अन्य सरोकारवाला निकायहरूलाई कार्यालयले निर्णय गरि वितरण गर्ने निर्णय गरियो ।